## *हाम्रो आराध्य सत्यवती वर्जु*

### *पृष्ठभूमि*

*नेपालको पश्चिमाञ्चल क्षेत्रमा पर्ने गण्डकी प्रदेश-४, बागलुङ जिल्ला, बरेङ गाउँ पालिका-३ साग्दीमा अवस्थित हाम्रो आराध्य )देवी) सत्यवती वर्जुको सन्दर्भमा- "हामीले मान्दै-पुज्दै आएको धार्मिक स्थलहरु प्रायः पारलौकिक (फेरीहुने जन्ममा सुख हुने), र अलौकिक (यस जन्ममा मनोकाङ्क्षा पूराहुने), प्रत्यक्ष नदेखिने प्राकृतिक सत्तासंग शक्ति, तान्त्रिक अनुस्थान (कार्य) सँग सम्बन्धित पाउँदछौं । यस्ता पारलौकिक तथा अलौकिक धार्मिक स्थलहरु मानवहरुको विश्वास तथा उक्त कार्यसँग सम्बन्धित विधि-विधान वा संस्कारसँग आवद्ध रहेकाछन् । अर्को तथ्य हाम्रा प्रकृतिसँग जोडिएर आएका वा हामीले विश्वास गरेका धार्मिक स्थलहरु नदी, ताल-तलैया, पानीको कुण्ड, (कुवा) अर्थात जलाशय, रुख-वृक्ष, पहाड-पहरो, मानव निर्मित मठ-मन्दीर आदिमा दैविय शक्ति छ/थियो भन्ने विषयमा कसले कहिले कुन चमत्कारिक कार्यबाट अभिप्रेरित भई यसलाई स्थापित गराए वा कहिलेदेखि प्रमाणित गराएका थिए, यी विषयमा हाम्रा पूर्वज तथा अभिचारका अभियन्ताहरु मौन थिए/छन् र यसको ऐतिहासिक तथ्यहरु पनि जनश्रुतिमा नै आधारितरहेको पाइन्छ । यस्तै अन्य धार्मिक स्थलहरुको पनि लिखित दस्तावेजहरु विरलै पाइएलान् । पूर्वजहरुले भन्दै आएको, सुनाउँदै आएको (पुस्तान्तरण) तथ्यलाई नै सम्बन्धित धार्मिक स्थलको आधिकारिक, ऐतिहासिक प्रमाणको रुपमा स्वीकार गर्दै आइरहेका छौं ।"*

*"प्रस्तुत साग्दीमा अवस्थित सत्यवती-सत्यवतीदेवी-सत्यवतीमाई-सत्वतीवर्जु आदि नामबाट उत्पत्ति देवीको सन्दर्भमा पनि सामान्यतया जनश्रुति-किंवदन्तीको सहारा लिनुपर्ने बाध्यता रहे पनि सत्यवतीको उत्पत्तिको चिनारी सँग सम्बन्धित मुख्य पात्रहरुका केही सन्तति यद्यपि बराहकोट, साग्दीमा रहेकाले र उनीहरुका पुर्खाहरुले आफ्ना सन्ततिलाई सत्यवतीको उत्पत्ति तथा स्थापना सम्बन्धि ऐतिहासिक तथ्यहरु भन्दै सुनाउँदै आएको पाइयो । यी ऐतिहासिक तथ्यहरु मेरा कुल बन्धु (भाई) होमबहादुर सामी श्रीस बरेङ गाउँपालिका-२ बराहकोट (राजाखर्क)बाट सङ्क्षिप्तमा जानकारी पाएको थिएँ । सत्यवती (बर्जु)लाई जनमानसमा परिचय गराउने र सत्यवतीलाई साग्दीमा स्थापित गराउन मुख्य भूमिकामा रहेका पराज्ञानका विज्ञ (झाँक्री) मनवीर काउछाका सन्तति चित्रबहादुर काउछा (बरेङ गाउँपालिका-२ बराहकोट,थारखोला), इतिहासको कालखण्डमा सत्यवतीबाट विहानीको उषाकालमा गाई पालनको वरदान पाएका पर्सबहादुर (खामी) श्रीस (बरेङ गाउँपालिका-३ बाटाकाचौर,साग्दी) का सन्तति नरबहादुर (खामी) श्रीस ७४ (हाल खामी श्रीसबाट थर परिवर्तन बुढाथोकी) र साग्दीका सत्यवतीलाई बराहकोटका हाम्रा पूर्वजहरुले स्थापित गराएका थिए भन्ने लिले सामी श्रीस (साग्दी)का सन्तति बोमबहादुर सामी श्रीसबाट सत्यवतीको सम्बन्धमा मौखिक तथ्यगत स्रोत उपलब्ध गराई सत्यवतीको उत्पत्ति सम्बन्धि (पङ्तिकारको तर्फबाट) खोज-अनुसन्धानमूलक यो पहिलो पुस्तिका तयारपार्न महत्वपूर्ण योगदान दिनु भएकोमा उल्लेखित ब्यक्तित्वहरुप्रति आभार प्रकट गर्दछु । यस सानो पुस्तिकामा लौकिक/अलौकिक शक्ति र सत्यताको प्रतिक सत्यवतीको सन्दर्भमा यी लेखिएका तथ्यहरुभन्दा फरक प्रमाणसहित लेख तथा अनुसन्धानमूलक प्रमाणहरु आइसकेका पनि होलान्, भविष्यमा लेखिन पनि सक्नेछ ।"*

*"पूर्वजहरुबाट हामीले सुन्दै आएको सत्यवती स्थापित भएको ठाउँलाई 'साग्दी' भनिन्थ्यो ( यद्यपि साग्दी नै भनिन्छ) अर्थात सत्य (सत्यवती) हुने रहने ठाउँमा सत्यताको प्रतिक जल (पानी) पनि*

*हुने भएको र मगर जातिले पानीलाई 'डी' (दी) भन्ने भएकाले सत्यवती शब्दलाई मगर जातिले आफ्नो मातृभाषामा बोल्दै जाँदा सत्य (साँचो) सत्यवती शब्द अपभ्रँस भई सत्यदेवी-सत्यवती-**'सार्गदी'** नाम रहन गएको होला । प्राचीनकालका भौगोलिक ठाउँ, वस्तु विशेषका नामहरु क्रमश अपभ्रँस (रुपान्तरण) हुँदै गएका केही उदाहरणहरु जस्तैः गलकोट न.पा.भित्र पर्ने घुम्टे सिद्ध बराह लेक देखि तल पर्ने पाण्डवखानीको 'दाग्डी' डाँडामा भएको सिद्धको थानलाई लिन सकिन्छ । दाग्डीको डाँडामा भएको सिद्धको थानलाई अघि "सिद्धको थान" भनिदै आएकोमा वर्तमानकाल सम्म आइपुग्दा उक्त सिद्धको नाम अपभ्रँश भई सिद्ध थाना-सिद्थान-'सित्थान' भनिदै आएको यथार्थ हो । त्यहाँका रैथाने समुदाय बाहेक बाहिरबाट जाने आगन्तुकले त्यहाँको भाषामा बोलिने 'सित्थान' को अर्थ के हो सहजै बुझ्न कठिन छ । त्यसै गरी यो पङ्तिकार केही वर्ष अघि सोरठी लोक कथाका नायक राजा जयसिंह र सोरठी कन्याको ऐतिहासिक राज्य कुन ठाउँमा पर्दछ भन्ने सम्बन्धमा खोजिकोक्रममा गुल्मी जिल्लाको तत्कालीन हाडहाडे गा.वि.स.भित्र पर्ने सँवर-भँवरमा पुगेको थियो, उक्त सँवर-भँवरलाई अघि 'षुमरी-भुमरी' भनेर विगतका लोक संस्कृतिका इतिहासमा उल्लेख भएको पाइन्छ । कालान्तरमा उक्त 'षुमरी-भुमरी' शब्द अपभ्रँस भई 'सँवर-भँवर' नामाकरणहुन गएको रहेछ । हाल त्यहाँ मगर जातिको घना बस्ती रहेको छ, मगरहरुले सुँगुर (च्वाँचे) पाल्ने भएको र सुँगुरले 'सँवर-भँवर'को खाली रहेको जग्गामा जम्मा भएको पानीमा आहाल खेल्ने बस्ने भएकाले 'सँवर-भँवर' लाई सँगुरखाल भनियो, तत्पश्चात पनि त्यस ठाउँमा विभिन्न (सुन-ताँवा-फलाम) धातुका खानी रहेकाले हाल आएर उक्त प्राचीन 'षुमरी-भुमरी' को नाम 'खानी गाउँ' रहन गएको छ । त्यसैले सत्यवती-सत्यवती देवी-सत्यवती माई-सत्यवती शब्द अपभ्रँश हुँदै सत्यवती वर्जुको निवास रहेको ठाउँको नाम सार्गदी रहन पुगेको यथार्थहुन सक्छ ।" अस्तु*

***<u>सत्यवतीः</u>***

*१७ औं शताब्दीको अन्त्य तथा १८ औं शताब्दीको पूर्वाद्धतिर वर्तमानकालमा सार्गदी भन्ने ठाउँ घना वन (जङ्गल)ःले ढाकिएको पहाडी भू-भागलाई आफ्नो आदिम बासस्थान बनाई आएका मगर जातिका श्रीस, पुन, घर्ती आदि जातिहरुको दैनन्दिन दिनचर्या वन (जङ्गल) भित्र रहेका चौरहरुमा गाई, भैंसी, भेडा-बाखाको गोठ राखी पशु पालन गर्ने र घर वरि-परिका पाखो जग्गामा खेती-किसान आदि गर्दथे । एक दिन बोमबहादुर सामी श्रीसको जिज्यू नाता पर्ने भेडा बुढाको नामले परिचित अनराम सामी श्रीसको मामा नाता पर्ने पर्सबहादुर खामी श्रीस वर्तमान सत्यवती (कुण्ड) भन्दा माथिको वन-जङ्गलमा भैंसी पालन गरेर गोठमा बस्ने गर्दथे । एक दिन विहानीको उषाःकालमा हातमा दूध-गोसको ठेकी लिएर घर तर्फ आउँदै थिए । गोठ देखि ओरालो बाटोमा झर्दै गर्दा वर्तमान सत्यवती कुण्ड रहेको स्थान (ठाउँ)मा आइपुग्दा अकस्मात एउटी बुढी (बृद्ध) बज्यैले हातमा कुचो लिएर जमिन बढार्दै गरेको देखे; विहानीको उषाकालमा जमिन बढार्दै गरेका ती अमुक बृद्ध बज्यैले पनि पर्सबहादुर खामी श्रीसलाई देखेर भनिन "हे ! मानव विहानीको यो ब्रह्म मूहुर्तमा मैले दैलो-कुचो गरेको देखिस्, भन् के वर माग्छस् माग ! भनिन्" पर्सबहादुर खामी श्रीसले 'मलाई गाई पालनको ठूलो इच्छा छ' भने पछि ती बृद्ध बज्यैले भनिन् "तेरो मनोकाँक्षा पूरा हुनेछ ।" एकाविहानै गोठबाट घर आउँदै गरेका पर्सबहादुर खामी श्रीसले अचानक देख्न पुगेका बृद्धा बज्यै (नारी) बाट गाई पालनको वरदान पाए ।*

*समयकाल ब्यतित हुँदै जाँदा सत्यको वरदानको प्रभावले पर्सबहादुर खामी श्रीसलाई गाई पालन फलिफाप हुँदै गयो । परन्तु एकाविहानै जमिन (भूमि)मा कुचोले बढार्दै आफूलाई गाई पालनको वरदान दिने ती बृद्ध बज्यै (नारी) को थिइन्, त्यसबारे फर्सबहादुर खामी श्रीसले कुनै चासो राखेनन् बिर्सदैं गए । दिन वित्दै गयो एक दिन गाईहरुलाई चरिचरणको लागि वनतिर लगाई दिए । तर बेलुकी साँझमा*

सबै गाई गोरुहरु फर्केर आए, एउटा बाच्छी फर्केर आएन । यसबाट गाईको गोठालो पर्सबहादुरलाई चिन्ता लाग्यो; एउटा बाच्छी किन आएन भनेर, सबै गोठालाहरु मिलेर चरीचरणमा गएको वनमा गई खोज तलास गरे; बाच्छीको कहीँ अत्तोपत्तो भएन । पर्सबहादुर खामी श्रीस निराश भएनन्, बाच्छी कहाँ कुन अवस्थामा छ पत्ता लगाउने लालसाले जान्ने (पराज्ञानका ज्ञाता) धामी-झाँक्रिलाई हेराइ-कोराइ गर्ने इच्छा जागृत भएर आयो । राम्रो जान्ने-बुझ्ने झाँक्रिको खोज-तलासमा लागे, खोज्दै जाँदा बराहकोटको राजाखर्क (थारखोला) भन्ने ठाउँका तन्त्र-मन्त्र (पराज्ञान)का विज्ञ (झाँक्रि) मनवीर काउछालाई भेट्न पुगे । र, भने 'मेरो गाईको वाच्छी गाईको वथान सँगै वनमा चर्न गएकोमा साँझ गोठमा फर्केर आएन, तपाईको झाँक्रि विद्याको ख्याति सुनेर आएकोछु, मेरो गाईको बाच्छी कहाँ कुन अवस्थामा छ; राम्रो सँग हेर-कोर गरिदिनुस्' भने झाँक्रि मनवीर काउछाले पनि आफ्ना गुरु, देवी-देवतालाई आव्हान गरेर पर्सबहादुर खामी श्रीसको गोठमा फर्केर नआएको (हराएको) बाच्छी कहाँ ? कुन अवस्थामा होला भनि गुरुलाई सोधे र आफ्नो ज्ञान-दृष्टिले हेर्दा साग्दी डाँडाको पश्चिम-दक्षिणपट्टि पर्ने दुई डाँडाको खोँच ( दोभान) मा रहेको पानी भएको कुण्डमा बाच्छी रहेको देखेर झाँक्रिले भन्छन्-'हेर ! मनुवा तेरो गाईको बाच्छी तेरो घर देखि माथि पर्ने दुई डाँडाको वीचको खोंच घना वन (जङ्गल) भित्र पानीको कुण्डमा छ, गएर खोज्नू पाउनेछस्' त्यस पछि गाईको गोठाला पर्सबहादुर खामी श्रीस झाँक्रिले भनेअनुसारको स्थानलाई आफ्नो मन-मस्तिकमा राखेर थारखोलाबाट फर्के ।

तत्पश्चात पर्सबहादुर खामी श्रीस आफ्नो गाउँ साग्दीमा फर्केर आफ्ना गोठाला साथीहरु तथा गाउँका दाजु-भाई, इष्ट-मित्रलाई जम्मा गरेर बराहकोट (थारखोला)का झाँक्रिले भनेअनुसारको ठाउँमा एउटा ढुङ्गै-ढुँगाको कुण्ड (कुवा)को पानीमा गाईको बाच्छी भेटियो । अब त्यो कुण्डमा फेरि पनि अरु गाई-वस्तु, बाच्छा-बाच्छी, भेडा-बाख्रा डुबेर मर्ने बढी सम्भावना देखिएकाले पहिला त्यस कुवा (कुण्ड) को गहिराई के कति छ मापन (नाप) गरेर त्यसैअनुसार कुवा (कुण्ड)लाई पुर्ने योजना बनाएर एउटा बाँसको रुख काटेर ल्याई कुवा (कुण्ड) मा डुबाउन सुरु गरे, तर त्यो बाँसले कतै नछोई कुवा (कुण्ड)मा डुब्न पुग्यो र पुनः अर्को बाँस काटेर ल्याई अघिल्लो बाँसमा जोडेर बाँधी कुवा (कुण्ड)मा डुबाउन थाले । तर त्यो जोडिएको दुबै बाँस डुबाउँदा पनि कुवा (कुण्ड) को पिंध (गहिराइ)को टुँगो लाग्न सकेन । र, अब जे भए पनि यो कुवा (कुण्ड)को मुख बन्द गर्नु पर्छ भनेर सबैले ढुँगा-मुढा, बन-बुट्यान, माटोले कुवा (कुण्ड) को मुख बन्द गरि ढुक्क भएर गए । त्यसको केही दिन पश्चात भेडा-बाख्रा, बस्तु चराउने गोठालाहरु त्यही बाटो भएर आउँदा कुवा (कुण्ड)को मुख पहिलाको जस्तै यथावत देखि गाउँलेहरुलाई बोलाएर फेरी पहिलाको जस्तै कुवा (कुण्ड)को मुख बन्द गरे । परन्तु कुवाको मुख जति पटक बन्द गरे पनि भोली पल्ट विहान हेर्न आउँदा पहिलाको जस्तै खुला रहँदै आएको पाईयो । कुवा (कुण्ड) लाई पुर्ने प्रयास पटक पटक भए पनि कुवा (कुण्ड)लाई सँधैको लागि पुर्ने कार्यले सफलता पाउन सकेन ।

यस कुवा (कुण्ड)को मुख बन्द गर्ने गराउने कार्यमा सफलता नपाए पछि आजित भएका साग्देलीहरु सबै भेला भई छलफल हुँदा सबैको एउटै सल्लाह (मतो) भयो कि यस कुवा (कुण्ड)मा केही रहस्य (सत्य) देवी-देवताको बासहुनु पर्दछ र त कुवालाई जति पुरे पनि अर्को दिनको विहान जस्ताको तस्तै हुने गर्दछ । नत्र यसरी पटक पटक कुवा (कुण्ड)को मुख बन्द गर्दाको त्यत्रा ढुङ्गा-मुढा, काठ-माटो कहाँ गए ? भन्ने निश्चय गरे पछि पुनः एक पटक तिनै बराहकोट (थारखोला)का झाँक्रि मनवीर काउछा कहाँ सत्य-तथ्य पत्ता लगाउन हेरकोर गराउन जाने निधो गरे । र, साग्दीका २/४ जना भद्र-भलादमी पर्सबहादुर खामी श्रीसलाई सँगै लिएर गए र झाँक्रि सङ्ग भेट गरे । झाँक्रिले पनि साग्दीबाट कुवा (कुण्ड) को रहस्यको विषयमा जान्न-बुझ्न आएका टोलीको सबै कुरा सुनि सकेपछि आफ्ना देव-गुरुलाई आव्हान गरी सबै कुरा सोधेर पर्सबहादुर खामी श्रीस सहितका टोलीलाई आश्वस्त पार्दै भने

*"हे ! मनुवा हरु हो, साग्दीको त्यो घना वन भित्रको ढुङ्गे पहरो (भीर) को कुवा (कुण्ड)मा सत्यदेवी ( सत्यवती) को निवास छ, एकाविहानैको शुभ मूहुर्तमा सत्यको दर्शन पाएकाले नै पर्सबहादुर खामी श्रीसले मनोइच्छित वर गाई पालनको वरदान पाएको थियो, तर गाईको बगाल (बथान) बढ्दै गए पनि पर्सबहादुरले त्यस दिनको शुभ मूहुर्तमा कसको दर्शन पाएँ र के वर्दान पाएँ भन्ने बारेमा मानविय स्वभावगतको कारणबाट ती वरदान दिने बृद्धा बज्यैलाई बिर्सन गए । सत्यवती देवीले यसै घटनालाई नै कार्य-कारण बनाएर सबै मानवको सामुन्ने प्रकट भई दीन-दुःखीहरुको मनोकाँक्षा पूर्ण गराउने उद्देश्यले वरदानको स्मरण गराउन गाईको बाच्छीको अपहरण गराएकी हुन् । त्यसैले ती सत्यवती देवीको पूजा-आजा गर्ने गर, सत्यवती वज्यै (वर्जु)ले सबैको मनोकाङ्क्षा पूरा गर्नेछिन् । तर तिमिहरुले अज्ञानतावश पानी भएको कुवा (कुण्ड)को गहिराई कति छ भनेर बाँस गडाउने (नाप्ने) कार्य गर्दा कुवा (कुण्ड)मा निवास भएका सत्यवतीको कानमा बाँसको टुप्पोले घोचिन (चोट लाग्न) गएकोले अब उप्रान्त सत्यवती बज्यैले कान थोरै मात्र सुन्न सक्नेछन् । त्यसैले सत्यवतीको पूजा गरी वर माग्दा ठूलै स्वरले चिच्याएर सत्वती बज्यै (वर्जु) ले सुन्ने गरी वर माग्नु सत्यवतीबाट वरदान पाएर तिमिहरुको मनोकाङ्क्षा पूराहुनेछ" भनेकाले साग्दीका मानिसहरु आश्वस्त भई फर्के ।*

*साग्दीको घना वन (जङ्गल) भित्रको त्यो पहरे भीरमा भएको ढुङ्गे कुवा (कुण्ड) को रहस्य बुझ्न बराहकोट (थारखोला) झाँक्रि सँग गएका साग्देली टद्धोली फर्केर आएपछि आपसमा सर सल्लाह गरी कुवा (कुण्ड) को गहिराई नाप्न बाँस डुवाउँदा सत्यवतीको कानमा चोट पुग्न गएकोमा झाँक्रिको सुझावअनुसार पहिला क्षमायाचना पूजागर्ने सल्लाह भयो र क्षमायाचना पूजा गराउन तिनै बराहकोट - थारखोला)का झाँक्रि मनवीर काउछालाई नै बोलाउने निधो गरे । यसरी पहिलो पटक झाँक्रि विधिबाटपहिला क्षमायाचना पूजागर्ने सल्लाह भयो र क्षमायाचना पूजा गराउन तिनै बराहकोट - थारखोला)का झाँक्रि मनवीर काउछालाई नै बोलाउने निधो गरे । यसरी पहिलो पटक झाँक्रि विधिबाट विधिवत सत्यवतीको पूजा गर्ने क्रममा मानव जातिको प्रिय खाद्यवस्तु जीव-जन्तुको मास (मासु) भएकाले सत्यवती बज्यै (वर्जु) लाई पनि निरामिषको सत्ता आमिष भोजन पशु-पँक्षिको रक्त-भोग दिने कार्य भयो । यो प्रथम पटकको क्षमा पूजा गर्दा जल कुण्ड (कुवा)मा नदिई छुट्टै ठाउँमा दिनेगरी सत्यवतीको जल कुण्ड (कुवा) भन्दा पूर्व पट्टि तत्कालीन समयमा ढुँगाको थान (स्थान) बनाएर साग्दी-बराहकोट गाउँका सबै मानिसहरु भेला भई मङ्सिर महिनामा पर्ने धान्याचल पूर्णिमा (उँधौली पर्व) का दिन बाजा-गाजा, फूलमाला तोरण सहित नाचगान गर्दै पहिलो पटक क्षमायाचना पूजा गरियो । (यस दिनमा पूजिने सत्यवती-धरती मातालाई किराँत जातिले धन-धान्य देवीको रुपमा पनि पूजा गर्दछन्) र, पूजामा आएका सबैले अज्ञानतावश आफूहरुबाट भएको गल्ती, कमी-कमजोरीहुन गएकोमा क्षमा माग्दै सबैको भलो होओस् भन्ने वर मागेका थिए रे । मङ्सिर महिनामा पर्ने धान्याचल पूर्णिमा (दियाली पूर्णिमा)को दिन सत्यवती बज्यै (वर्जु) स्थापना भएको पावन अवसरमा उपस्थित सबैले खुसियाली मनाउँदै नाच-गान (मनोरञ्जन) गरे ।*

## <u>*कुण्ड (कुवा) तथा पूजा स्थलको ऐतिहासिकता र वर्तमान अवस्था*</u>

*सत्यवती वर्जुको उत्पत्तिकालको प्रारम्भिक चरणमा ढुङ्गाको थान (ठाउँ) बनाएर पूजा गर्दै आएको अवस्थामा ढुङ्गाको थानको सट्टा अलि विस्तृत ढङ्गबाट ढुङ्गाकै सानो मन्दिर बनाएर पूजा-आजा गर्न थालियो । त्यो भन्दा पनि अझै अगाडी बढेर खर (फूस)को छानो भएको केही ठूलो मन्दिरले स्थान पाएको रहेछ । जब जनमानसमा सत्यवती वर्जु (देवी) बाट पाएको वरदान सत्य (साँचो) हुन्छ, मागेको वस्तु (वरदान) पाइन्छ भन्ने विश्वास देशका विभिन्न जिल्लाको कुना-काप्चा, विदेशमा रहेका*

*नेपालीहरुमा भयो र सत्यवतीको ख्याति चारै तर्फ फैलिन पुग्यो; तत्पश्चात हाल आएर खरको छानोको सट्टा सिमेन्टको छानो भएको भब्य मन्दिर पाउँछौं । सत्यवती देवी उत्पत्तिकाल सँग सम्बन्धित प्रमुख पात्र गाई पालनको वरदान पाएका पर्सबहादुर खामी श्रीसका सन्तति १० वर्ष सम्म सत्यवती मन्दिरमा पुजारी तथा ब्यबस्थापकको कार्यभार सम्हालिसकेका नरबहादुर खामी श्रीस (हाल थर बुढाथोकि) बरेङ गाउँ पालिका-३ सार्गदीले भन्नु हुन्छ "पूजा स्थल मन्दिरको दायाँपट्टि रहेको ढुङ्गे पहरोमा अन्दाजी ३ (तीन) फिटको गोलो घेरा, लगभग ५ (पाँच) फिट गहिराई भएको मगर जातिले रक्सी बनाउँदा पैनी माथि राखेर भित्रको जाँडको हावा बाहिर जान नदिने गरी कपडाको टालो (मठेरी)ले कसकास गरेर पानी तताउन प्रयोग गर्ने 'बाटा' (सोली) आकारको भित्र पट्टि भाँडा-वर्तनको जस्तै चिल्लो गोलो हुँदै तल पिंधमा बाटा (सोली) को टुप्पो भएझैं चुच्चो गरेको चिल्लो कुण्ड छ; त्यो कुण्डको पूर्वोत्तर बीच भित्तामा कृष्ण गण्डकी नदीमा पाइने शीला शालिग्राममा जस्तै नङले कोरेको जस्तो देखिने ठाडो दुई वटा रेखा छ । सत्यवती कुण्ड खुला ठाउँमा भएकोले कुनै कारणवश फोहोर वस्तु पर्न गएमा कुवा (कुण्ड)को जल (पानी) सुक्न थाल्दछ; यस्तो परिस्थितिमा कुवा (कुण्ड)लाई सरसफाई गरी चोखो निष्ठ ब्रह्माण द्वारा पाठ-पूजा, स्वस्ती-शान्ति गराएमा पुनः जल (पानी) भरिन थाल्दछ । सत्यवती कुण्डको जल (पानी) जस्तो सुकै वर्षादमा पनि बहेर बाहिर जाँदैन । पानी रसाउँछ मात्र र पूजा-आजाको समयमा कुवा (कुण्ड) बाट जति पानी (जल) झिके पनि कुण्डको पानी सुक्दैन ।" त्यसै गरी भेडा बुढाको नामबाट परिचित बलवीर सामी श्रीसको सन्तति बोमबहादुर सामी श्रीस बरेङ गाउँ पालिका-३ सार्गदीले भन्नु हुन्छ-बरेङ गाउँ पालिका-३ सार्गदीमा सत्यवतिदेवी भएको पत्ता लगाई स्थापित गराउने प्रमुख भूमिकामा बरेङ गाउँ पालिका-२ थारखोलाका झाँक्रि मनवीर काउछा हुन् ।*

***<u>समापनः</u>***

*नेपालको पहाडी क्षेत्रका आदिवासीहरु प्रकृति पूजक हुन् । यस विषयमा नेपालका अन्य जात-जातिहरु सबैले स्वीकारेका पनि छन्; प्रायः आदिवासीहरुले पानी भएका तलाउ, कुण्ड, पानीको मूललाई बढी पुजनिय स्थलको रुपमा प्राथमिकतामा राखेको पाइन्छ, पानी (जल) सबै चराचर जगतको जीवनदायिनी अमृतको रुपमा स्थापित भएर पनि होला । जस्तैः तनहुँको छाब्दी बराह, लमजुङको युलुङ पोखरी, पाल्पाको सत्यवती ताल, बागलुङको गाजा दह, ढोरपाटनको बाइस धारा, सार्गदीमा भएको सत्यवती कुण्ड तथा हिमालय क्षत्रमा भएका अनगिन्ती ताल-तलैयाहरु छन् । आदिवासीहरुले ताल, कुण्डहरुमा शक्तिको स्रोत छ भनेर आएका ताल, कुण्डहरुमा वरिपरि रुख-वृक्षहरु भए पनि रुख-वृक्षबाट खसेका पात-पटिङ्गरहरु ताल-कुण्डहरुमा जम्मा भएर रहेको पाइएको छैन । यही कारणबाट यहाँका आदिमवासीहरुले पूर्ण विश्वासको साथ प्रकृतिको पूजा-आरधना गर्दै आएका होलान् । सार्गदीमा भएका सत्यवती (बर्जु) बज्यैको पूजा-आरधना गर्ने सन्दर्भमा समयान्तर सँगै पूजा-पाठ गर्ने शैलीमा परिवर्तन भएको होला, तर यो एक्काइसौं शताब्दीमा पनि सत्यवती वर्जु प्रतिको आस्थामा कुनै कमि आएको पाइँदैन । सार्गदीमा भएका सत्यवतीको पूजा आरधना गरि मनोइच्छित वर माग्न (पङ्तिकारले भेटेका) गोर्खा, चितवन, नवलपरासी, कास्की, स्याङ्जा, पर्वत, गुल्मीबाट समेत आएको पाएको छु । धन्यहुन् सबैको आस्थाको धरोहर सत्यवती !*

*स्रोतः*

*१.होमबहादुर सामी श्रीस, बरेङ गा.पा.-२ बराहकोट (राजाखर्क)*

*२.नरबहादुर खामी श्रीस (बुढाथोकी बरेङ गा.पा.-३ सार्गदी*

३.बोमबहादुर सामी श्रीस, बरेङ गा.पा.-३ साग्दी

४.स्थलगत खोज अध्ययन (पङ्तिकार) पदम श्रीस बरेङ गा.पा.-२ बराहकोट (भण्डारखोला)

द्रष्टब्यः-

१.नरबहादुर खामी श्रीसज्यू सत्यवती वर्जुको १० (दश) वर्ष सम्म पुजारी तथा ब्यबस्थापकको कार्यभार सम्हाल्दा २ (दुई) पटक सत्यवती कुण्ड (कुवा)मा अशुद्ध (?) वस्तु पर्न गएर पानी सुक्न गएको रहेछ र कुण्ड सरसफाई तथा स्वस्ति शान्ति गर्ने क्रममा कुण्ड भित्रको वस्तुगत चित्रण थाहा पाएका रहेछन् र यो पङ्तिकारलाई जानकारी गराएका थिए। वर्तमान कालमा प्राकृतिक सत्यवती कुण्डलाई घर बनाई छोपि राखेको अवस्था छ; वास्तवमा हामीले पुज्दै-मान्दै आएको प्राकृतिक कुण्ड, तलाउ, पहाड-पर्वतका शीर (टाकुरा) हरुलाई अप्राकृतिक ढँगबाट घर बनाएर भित्र राख्नु, छोप्नु हुँदैन थियो। बरु संरक्षणको लागि तारबार, बान्नो-पर्खाल लगाएर सुरक्षित राख्नु पर्दछ। सत्यवती कुण्डमा जस्तै गलकोट घुम्टेको शिरमा रहेको सिद्ध बराहको पूजा स्थललाई पनि संरक्षणको नाममा टीनको छानो-पर्खाल लगाएर छोपिराखेको अवस्था छ।

२.यो सत्यवती नामक पुस्तिका बरेङ गाउँ पालिका-२ बराहकोट (राजाखर्क) निवासी श्री होमबहादुर श्रीसज्यूबाट मितिः २०७४।०८।१७ गते धान्यपूर्णिमाको दिन छपाइएको थियो।